# शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०७९




## गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा



**<u>प्रकाशकीय</u>**

| | |
|---|---|
| दस्तावेजः | प्रदेश स्तरीय शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ |
| वैधानिक आधारः | नेपालको संविधान (२०७२), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, प्रदेश विपद् व्यवस्थापन ऐन २०७५, विद्यालय क्षेत्र विकास योजना (शिक्षा मन्त्रालय २०१६/१७-२०२२/२३), बृहत् विद्यालय सुरक्षा गुरु योजना (शिक्षा, विज्ञान तथा प्रविधि मत्रालय २०१७), बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज (शिक्षा, विज्ञान तथा प्रविधि मत्रालय २०१९), बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि (शिक्षा, विज्ञान तथा प्रविधि मत्रालय २०१९), स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
| सर्वाधिकारः | © सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश- पोखरा |
| प्राविधिक सहजीकरणः | |
| योजना तयारीः | नेपालको संविधानले शिक्षा क्षेत्र र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सवाललाई तीनै तहका सरकारको साझा अधिकारको सूचीमा समावेश गरेको सन्दर्भमा प्रदेश सरकारले शैक्षिक क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय तहसंग समन्वय गरी कार्य सम्पादन गर्ने अभिप्रायका साथ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईहरु तथा साझेदार गैरसरकारी संस्थाहरुसंगको समन्वयमा यो योजना तर्जुमा गरिएको छ । |

## शैक्षिक क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सन्दर्भमाः

- नेपाल बहुप्रकोप जोखिम युक्त मुलुक हो समय समयमा बाढी, पहिरो, चटयाङ्, खडेरी, भुकम्प, हावाहुरी, शितलहर, महामारी, हिमपहिरो, आगलागी, सडक दुर्घटना जस्ता प्रकोपबाट वर्षेनी सयौं व्यक्तिले ज्यान गुमाउँछन्, हजारौं व्यक्ति विस्थापित हुन्छन्, लाखौं प्रभावित हुन्छन् र करोडौंको आर्थिक क्षति हुने गरेको छ । शिक्षा क्षेत्र पनि विपद्को कारण अत्यन्त धेरै प्रभावित भइरहने क्षेत्र हो । विपद्का कारण विद्यालयमा हुनसक्ने मानवीय क्षति कम गर्नु, (शिक्षक, कर्मचारी र विद्यार्थीलाई चोटपटक लाग्न र घाइते हुनबाट बचाउनु ) र विपद् पछिको अवस्थामा पनि सुरक्षित वातावरणमा पठनपाठन व्यावस्थाको सिकाइ निरन्तरतालाई सुनिश्चित गर्नु सुरक्षित विद्यालय कार्ययोजना निर्माण र कार्यान्वयनको मुख्य उद्देश्य हो ।
- नेपाल विश्वव्यापी सुरक्षित विद्यालय अभियानको एक अभियन्ता पनि हो । नेपालमा विपद् व्यवस्थापनका लागि राष्ट्रिय तहका नीति, रणनीति तथा कार्यक्रमहरु तयार भइरहेको सन्दर्भमा विगत झण्डै एक दशकदेखि बिभिन्न संघसंस्था र निकायबाट सुरक्षित विद्यालयका लागि पनि धेरै काम हुँदै आएका छन् ।विपद्को क्षेत्रमा बिभिन्न संघसंस्थाहरुले अलग अलग तरिकाले काम गर्दै आएकोमा हाल आएर (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) ले देशका सम्पुर्ण विद्यालयहरुको सुरक्षामा एकरुपता ल्याउने उद्देश्यले विद्यालय सुरक्षा गुरुयोजना तयार गरेको छ । गुरुयोजनाले निर्दिष्ट गरेका न्यूनतम प्रावधान सबै विद्यालयमा लागू गर्नको लागि बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज तथा कार्यान्वयन कार्यविधि तयार गरेको छ । न्यूनतम प्याकेजमा कुनैपनि विद्यालयले सुरक्षित विद्यालयका लागि अवलम्बन गर्नुपर्ने न्यूनतम उपायहरुको सूची तय गरिएको छ भने उक्त सूचीलाई विद्यालय तहमा कार्यान्वयनका लागि आवश्यक विधि र प्रकृयाको सहजीकरणको मार्गदर्शन कार्यान्वयन कार्यविधिले गरेको छ ।
- विपद्को कारणबाट विद्यालयमा हुने विद्यार्थी, शिक्षक, शिक्षाकर्मीहरुको चोटपटक तथा मृत्युलाइ कम गर्नु, विपद् पश्चात् पनि शिक्षाका गतिविधिहरुको निरन्तरताको सुनिश्चितता गर्नु, समुदायका नागरिकहरुलाई शिक्षाको माध्यमबाट विपद् उत्थानशीलताको लागि सशक्त बनाउनु र शिक्षा क्षेत्रमा गरिएको लगानीलाई सुरक्षित गर्नु सुरक्षित विद्यालय अभियानको मुख्य उद्देश्य हो । विद्यालयका भौतिक संरचनाहरुको निर्माण गर्दा जोखिम रहित बनाउन, विद्यमान जोखिम घटाउँदै लैजान र सम्भावित विपद् सामना गर्नका लागि पूर्वतयारी गरी विपद्को सामना गर्ने क्षमता बढाउँदै लैजान विद्यालयका संरचनात्मक तथा गैरसंरचनात्मक जोखिम र क्षमताको लेखाजोखा गर्नु अत्यावश्यक छ ।
- सुविधायुक्त सुरक्षित विद्यालय, विद्यालयमा विपद् जोखिम व्यवस्थापन, जोखिम न्यूनीकरण र उत्थानशीलता शिक्षा जस्ता बृहत् विद्यालय सुरक्षाका ३ स्तम्भहरुलाई कार्य प्रणालीमा समाहित गर्न, विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरूलाई व्यवस्थित गर्न विपद् जोखिम न्यूनीकरण, सचेतना तथा क्षमता अभिबृद्धि, लैङ्गिक तथा बाल संरक्षण, विद्यालय शान्ति क्षेत्र, विपद्पूर्व गर्नुपर्ने पूर्वतयारी, विपद्को समयमा प्रतिकार्य गर्ने प्रकृया र क्षमता, विपद् पश्चात विद्यालय संचालनको निरन्तरतालाई समेटेर यो योजना तर्जुमा गरिएको छ ।
- देशको संघीय संरचना अनुसार माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अधिकारहरु स्थानीय तहको एकल अधिकारको रुपमा र तीनै तहका सरकारको साझा अधिकारको रुपमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरेको छ । यसर्थ पनि विद्यालयको जोखिम न्यूनीकरण पूर्वतयारी तथा प्रतिकार्यको लागि प्रमुखरुपमा स्थानीय तह नै जिम्मेवार हुनेछ । यस योजनामा समावेश गरिएका स्थानीय तहले सहायता गनुपर्ने क्रियाकलापहरु स्थानीय तहको बार्षिक कार्यक्रम तर्जुमा प्रकृया मार्फत बार्षिक कार्यक्रममा समेटी स्रोत परिचालन हुनेछ भने कार्ययोजनालाई विद्यालयले वार्षिक क्यालेण्डरमा समावेश गरी कार्यान्वयन गर्नेछ । यस सन्दर्भमा स्थानीय तहलाई सहयोग विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग पुर्याउने उद्देश्यका साथ यो योजना तयार गरी लागू गरिएको छ ।

## विषय सूची


परिच्छेद १ः परिचय ........ १

1.१ प्रदेश परिचय ........ १

K१.२ शिक्षा समूहको पृष्ठभूमि ........ २

१.३ योजनाको लक्ष्य, उद्‌देश्यहरू र अपेक्षित प्रतिफल ........ ३

१.४ मार्गदर्शक सिद्धान्तहरू ........ ४

१.५ योजना तर्जुमा तथा कार्यान्वयन ........ ५

परिच्छेद २ः शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण ........ ७

२.१ समग्र विपद् जोखिम ........ ७

२.२ प्रकोपको स्तरिकरण ........ ८

२.३ पात्रो ........ ९

२.४ विद्यालयको विपद् सङ्कटासन्नता ........ १०

२.५ विद्यार्थीको विवरण ........ ११

२.६ शिक्षकको विवरण ........ १२

परिच्छेद ३ः भूकम्पको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना ........ १३

३.१ परिदृश्यः गोरखा भुकम्प २०७२ ........ १३

३.२ भूकम्पबाट शिक्षा क्षेत्रमा पर्नसक्ने असर ........ १४

३.३ भूकम्पको प्रतिकार्य रणनीति ........ १५

३.४ भूकम्पको सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषण ........ १५

३.५ भूकम्प परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ २१

परिच्छेद ४ः बाढी र पहिरोको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ३७

४.१ बाढी र पहिरोको परिदृष्य ........ ३७

४.२ बाढी र पहिरोबाट शिक्षाक्षेत्रमा परेको असर ........ ३८

४.३ बाढी र पहिरोको प्रतिकार्य रणनीति ........ ३९

४.४ बाढी र पहिरोको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता र विद्यमान क्षमता विश्लेषण ........ ४०

४.५ बाढी र पहिरोको लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ४५

परिच्छेद ५ः महामारीको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ५८

५.१ उच्च सङ्क्रामक तथा घातक रोगको महामारीको परिदृष्य (जस्तैः कोभिड) ........ ५८
५.२ सङ्क्रामक रोगको महामारी घटना विवरण ........ ५८
५.३ कोभिड-१९ बाट शिक्षाक्षेत्रमा परेको प्रभाव ........ ५८
५.४ कोभिड-१९को प्रतिकार्य रणनीति ........ ५९
५.५ स्रोतसाधनको आवश्यकता र विद्यमान क्षमता विश्लेषण ........ ५९
५.६ महामारी परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ६५

परिच्छेद ६ः कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण ........ ७१

६.१ कृत्रिम घटना अभ्यास ........ ७१
६.२ कृत्रिम घटना अभ्यास कार्यतालिका ........ ७१

परिच्छेद ७ः समन्वय र सहकार्य ........ ७५

७.१ संघ, प्रदेश, जिल्ला र स्थानीय तह शिक्षा समूह बिचको समन्वय र सहकार्य ........ ७५
७.२ अन्तरविषयगत तथा निकायगत समन्वय र सहकार्य ........ ७५

परिच्छेद ८ः सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी ........ ७६

८.१ सूचना व्यवस्थापन ........ ७६
८.२ सञ्चार तथा पैरवी ........ ७६

परिच्छेद ९ः सारांश ........ ७७

९.१ समस्या र चुनौती ........ ७७
९.२ समाधानका लागि अपनाउनु पर्ने उपाय ........ ७७

परिच्छेद १०ः अनुगमन र समीक्षा ........ ७८

१०.१ अनुगमन संयन्त्र र कार्यसूची ........ ७८
१०.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना ........ ७८
१०.३ योजनाको समीक्षा र परिमार्जन ........ ७९

परिच्छेद ११ः वार्षिक कार्य योजना २०७९ श्रावण देखि २०८० आषाढ सम्म ........ ८०

अनुसूचीहरुः ........ ८१

अनुसूची १ क्लस्टरको सांगठनिक संरचना ........................................................................ ८१
अनुसूची २ शिक्षा प्राविधिक समूहका सदस्यहरु र सम्पर्क नम्बरहरु ........................................................ ८२
अनुसूचीः ३, शिक्षा क्षेत्रमा उपलब्ध श्रोतहरु ........................................................................ ८३
अनुसूचीः ४ शिक्षा क्षेत्रका लागि आपत्कालीन सामग्रीको न्यूनतम भण्डारण (PREPOSITION STOCK OF EDUCATION CLUSTER) ........................................................................ ८४

# परिच्छेद १ः परिचय

## १.१ प्रदेश परिचय

### अ. भौगोलिक परिचय

नेपालको शासन व्यवस्था सुदृढीकरणका लागि संविधान सभाबाट वि सं २०७२ सालमानेपालको संविधान जारी भयो । संविधान बमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य कायम हुन पुग्यो । नेपालको संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको गण्डकी प्रदेशमा साविकका धौलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी कुल ११ जिल्ला रहेका छन् । भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीनै धरातलीय स्वरुपलाई समेटेको छ । त्यस्तै हावापानीको दृष्टिकोणले हेर्दा पनि यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको (उष्ण मनसुनी देखि टुन्ड्रा) हावापानी विद्यमान रहेको छ ।

### क) अवस्थिति

भौगोलिक अवस्थितिलाई हेर्दा यो प्रदेश २७°२६'१५" उत्तरी अक्षांश देखि २९°१९'५०" उत्तरी अक्षांश र ८२° ५२'४५" पूर्वी देशान्तर देखि ८५° १२'०५" पूर्वी देशान्तरका बीच रहेको छ।यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रुपमा धौलागिरी हिमाल (८१६७ मीटर) र होचो भू-भागको रुपमा नवलपुरको त्रिवेणी सुस्ता रहेको छ ।

### ख) क्षेत्रफल

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये गण्डकी प्रदेशले २१,९७४ वर्ग कि.मि.अर्थात् १४.६७% क्षेत्रफल ओगटेको छ । यसमा प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू-भाग ५,८१९वर्ग कि.मि. (२६.८%), पहाडी भू-भाग १४,६०४ वर्ग कि.मि. (६७.२%) र तराई भू-भाग १,३१० वर्ग कि.मि. (६%) पर्दछ ।यस प्रदेशमा पहाडी भु-भाग बढी रहेको छ।यो प्रदेश नेपाल राज्यको करीब मध्य भागमा पर्दछ ।क्षेत्रफलको आधारमा नेपालकै सबैभन्दा ठूलो महानगरपालिकाको रुपमा रहेको पोखरा महानगरपालिका समेत यस प्रदेशमा रहेको छ ।

### ग) सिमाना

यस प्रदेशको सिमाना वागमती प्रदेशका रसुवा, धादिङ्ग र चितवन जिल्ला, पश्चिममा लुम्बीनी प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्यूठान, गुल्मी, पाल्पा र नवलपरासी (सुस्ता बर्दघाट पश्चिम) र कर्णाली प्रदेशको डोल्पा जिल्ला पर्दछन् । त्यस्तै उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेशको पाल्पा जिल्ला र भारतको विहार राज्य रहेका छन् ।

### आ. राजनैतिक प्रशासनिक विभाजन

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये यस गण्डकी प्रदेश अन्तर्गत धौलागिरी अञ्चलका ४ जिल्ला म्याग्दी, मुस्ताङ्ग, पर्वत र बागलुङ्ग, गण्डकी अञ्चलका गोरखा, लमजुङ्ग, मनाङ्ग, स्याङ्गजा,

कास्की र तनहुँ एवं लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग नवलपुर गरी जम्मा ११ जिल्ला रहेका छन् । गण्डकी प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गरी जम्मा ८५ स्थानीय तह रहेका छन् ।त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन् । प्रदेश सभामा समानुपातिक सहित कूल ६० सदस्य रहने संवैधानिक प्रावधान छ ।

**प्रदेशको राजनैतिक तथा प्रशासकीय विभाजन**

| क्र. सं | जिल्ला | स्थानीय तहको संख्या | | निर्वाचन क्षेत्र | | कै. |
|---|---|---|---|---|---|---|
| | | नगरपालिका | गाउँपालिका | प्रतिनिधि सभा | प्रदेश सभा | |
| १ | म्याग्दी | १ | ५ | १ | २ | |
| २ | मुस्ताङ्ग | – | ५ | १ | २ | |
| ३ | पर्वत | २ | ५ | १ | २ | |
| ४ | बाग्लुङ्ग | ४ | ६ | २ | ४ | |
| ५ | मनाङ्ग | – | ४ | १ | २ | |
| ६ | स्याङ्गजा | ५ | ६ | २ | ४ | |
| ७ | गोरखा | २ | ९ | २ | ४ | |
| ८ | लमजुङ्ग | ४ | ४ | १ | २ | |
| ९ | तनहुँ | ४ | ६ | २ | ४ | |
| १० | कास्की | १ (म.न.पा.) | ४ | ३ | ६ | |
| ११ | नवलपरासी (सुस्ता–बर्दघाट पूर्व) | ४ | ४ | २ | ४ | |
| | जम्मा | २७ | ५८ | १८ | ३६ | |

श्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

### इ. जनसांख्यिकीय विवरण

२०७८ सालको प्रारम्भिक जनगणना अनुसार नेपालको कुल जनसंख्या २९,१९२,४८० मध्ये यस प्रदेशको जनसंख्या २,४७९,७४५ रहेको छ जुन कुल जनसंख्याको १३।२५ प्रतिशत हुन आउँछ ।यस मध्ये पुरुषको जनसंख्या ११८०४६० र महिलाको जनसङ्ख्या १२९९२८५ रहेको छ भने लैङ्गिक अनुपात करिब ९०।८५ जना पुरुष प्रति १०० महिलामा रहेको छ यसको राष्ट्रिय अनुपात ९५।९१ रहेको छ । जनसंख्याको वार्षिक वृद्धिदर ०.३० प्रतिशतको हाराहारीमा रहेको छ राष्ट्रिय तथ्याङ्कमा यो दर ०.९३ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने यस प्रदेशको जनसंख्या वृद्धि घट्दो अनुपातमा रहेको छ । कुल घरपरिवार संख्या ६,७६१,०५९ रहेको छ । यस प्रदेशको कुल जनघनत्व ११६ जना प्रति वर्ग किलोमिटर रहेको छ ।

### k१.२ शिक्षा समूहको पृष्ठभूमि

विपद् तथा अन्य आपत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय सहायता परिचालनलाई प्रभावकारी बनाउन संयुक्त राष्ट्रसंघको नेतृत्वमा विषयक्षेत्रगत कार्यसमूह (Cluster Group) गठन गरी समन्वय गर्ने अन्तर्राष्ट्रिय अभ्यास रही आएको छ । यसको शुरुवात सन् २००५ देखि भएको हो । नेपालमा वि.सं. २०६५ सालमा कोशी नदीको

बाँध फुटेर भएको बाढी पछि मानवीय सहायता परिचालन गर्दा विषयक्षेत्रगत समूहको अभ्यास शुरु भएको थियो । तत्पश्चातका सबै विपद्मा यो अभ्यास निरन्तर हुँदै आएको छ। राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (पहिलो संसोधन २०७५) को व्यवस्था अनुसार संघमा नेपाल शिक्षा समूह सहित हाल ११ समूह क्रियाशील रहेका छन् । संघीय शिक्षा समूहमा सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाहरू गरी हाल ३२ संस्थाहरू आवद्ध रहेका छन् । विपद्स्तर र प्रतिकार्यको प्रकृति, मात्रा र अवधि अनुसार क्रियाशील संस्थाको संख्यामा घटबढ हुने गरेको छ । प्रदेशमा पनि यसै प्रकारको आवद्धता हुने गरी शिक्षा समूह बिस्तार हुदै गहिरहेको अवस्था छ ।

विपद् बाट अस्पताल, सडक, खानेपानी, विद्यालय, सञ्चार जस्ता आधारभुत एवं अत्यावश्यक सेवामा असर पर्छ । हरेक विपद् घटनामा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष असर पर्ने गरेको छ । शिक्षा आधारभुत तथा अत्यावश्यक सेवाको क्षेत्र हो । आपत्कालीन अवस्थामा शिक्षा पाउनु बालबालिकाको आधारभुत अधिकार हो । आपत्कालीन अवस्थामा र तत्पश्चात हरसंभव छिटो पठनपाठन सुचारु गर्न जरुरी छ । विपद् घटना पश्चात् शिक्षा क्षेत्र सुचारु गर्दा अन्य विषयक्षेत्रको पुनर्लाभिमा समेत सहज हुन्छ । विपद्बाट शिक्षा क्षेत्रमा हुन सक्ने प्रभाव कम गर्न यस विषयमा काम गर्ने सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संस्थाले सामूहिकरूपमा विपद् पूर्वतयारी र प्रतिकार्य गर्नु पर्दछ ।

यस आवश्यकतालाई सम्बोधन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ जारी को अन्तिम चरणमा छ । यस कार्यविधिमा संघ, प्रदेश र स्थानीय तह अन्तर्गत शिक्षा समूहको गठन तथा परिचालन गर्ने व्यवस्था छ । शिक्षा समूहले सम्बन्धित तहका विपद् व्यवस्थापन तथा शिक्षा सम्बन्धी कार्य गर्ने निकायलाई शिक्षाक्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग गर्नेछ । विपद्को प्रकृति र प्रभावस्तर अनुसार संघ,प्रदेश तथा स्थानीय तहका शिक्षा समूह र अन्य विषयक्षेत्रका समूहसँग समेत समन्वय गरी शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि **शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९** तर्जुमा गरिएको छ ।

यो कार्ययोजनामा यस प्रदेशमा वढि मात्रामा शिक्षा क्षेत्रमा प्रभाव पार्ने प्रकोपहरुको विपद्स्तरको परिदृष्य साथसाथै भूकम्प र सङ्क्रामक रोगको महामारीका लागि महाविपद्स्तरको परिदृष्य तयार गरी प्रदेश शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी चरणवद्ध क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

## १.३ योजनाको लक्ष्य, उद्देश्यहरू र अपेक्षित प्रतिफल

(क) लक्ष्यः यस योजनाले यस प्रदेशको शिक्षा क्षेत्रमा पर्ने बहु विपद्का जोखिमका असरहरुलाई न्यूनिकरण गर्दै निरन्तर तथा गुणस्तरीय स्थाई रुपमा शैक्षिक वातावरण सृजना गर्ने, गराउने रहेको छ ।

(ख) उद्देश्यहरुः यस योजनाको समग्र उद्देश्य शिक्षा क्षेत्रमा प्रभावकारी विपद् पूर्वतयारी गरी आपत्कालीन अवस्थामा बालबालिका र किशोरकिशोरीहरूका लागि सुरक्षित वातावरणमा पठनपाठन र सिकाइ निरन्तरता गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन्ः

(१) आपत्कालीन अवधिमा विशेष गरी प्रकोप पछिको प्रारम्भिक दुई हप्ताको अवधिमा बालबालिका र शिक्षकहरूको दैनिकीलाई सामान्य अवस्थामा पुनर्स्थापना गरी पठनपाठन निरन्तर गर्नु,

(२) प्रकोप सङ्कटासन्न विद्यालय र समुदायमा सुरक्षित पठनपाठन सिकाइ वातावरणलाई सुदृढ गरी सबै बालबालिकाहरू, विशेष गरी अपाङ्गता भएका बालबालिका र विपन्न परिवारका बालबालिकाहरूलाई आपत्कालीन अवधिमा समेत गुणस्तरीय शिक्षाका अवसरहरूमा निरन्तर पहुँच सुनिश्चित गर्नु र,

(३) बालबालिकाको उमेर साथै शारीरिक, मानसिक अवस्था अनुसार प्रभावकारी रूपमा विपद्को सामना गरी आफ्नो जीउधनको रक्षा गर्न उपयुक्त सिप, स्रोतसाधन, शिक्षण एवं सिकाइ वातावरण, मनोसामाजिक परामर्श, शैक्षिक सामग्री साथै स्वास्थ्य र सरसफाइको माध्यमबाट समुदायको विपद् उत्थानशीलता विकास गर्नु ।

(४) शिक्षाक्षेत्रमा काम गर्ने संघ—संस्था, शिक्षाविदहरु, विद्यालयहरु तथा सरोकारवाला नियकायहरुको पहिचान तथा क्षमता अभिवृद्धि गर्ने ।

(५) शिक्षालाई आपातकालीन परिस्थितिमा पनि निरन्तरता दिदै पुर्व तयारी, प्रतिकार्य र पुर्ण लाभका लागि सरोकारवालाहरु र अन्य क्षेत्रगत समुहहरुसँग सहकार्य, सदभाव, समन्वय, सहयोग, अनुगमन तथा सुचनाको आदान प्रदान गर्ने ।

(६) विपद्को कारणले सृजना गरेको मनोवैज्ञानिक असरलाई सामना गर्ने कार्यमा बालवालिकाहरु, शिक्षकहरु तथा अभिभावकहरुलाई मनोसामाजिक परामर्श दिई भयरहीत तथा गुणस्तरीय सिकाईको वातावरण सृजना गर्ने ।

(ग) अपेक्षित प्रतिफलः यस योजनाको कार्यान्वयनबाट देहायका प्रतिफल हासिल हुने अपेक्षा गरिएको छः-

(१) प्रदेशले संघ तथा स्थानीय तहसँग समन्वयात्मक रूपमा प्रभावकारी विपद् प्रतिकार्य भई आपत्कालीन अवस्था साथै तत्पश्चात् बालबालिकाको पठनपाठन सुचारु भएको हुनेछ,

(२) विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका व्यवस्थित प्रयत्न मार्फत् सबै प्रकारका विपद्बाट शिक्षा क्षेत्रमा हुने क्षति साथै प्रभाव न्यून गर्न र सुरक्षित वातावरणमा पठनपाठनलाई निरन्तरता दिन शिक्षाक्षेत्रको उत्थानशील क्षमता अभिवृद्धि भएको हुनेछ ।

(३) आपत्कालीन अबस्थामा बालबालिकाहरूमा हुन सक्ने जोखिमहरू जस्तै शोषण, दुरुपयोग, हिंसा, यौन शोषण जस्ता अवाञ्छित कृयाकलापमा कमी भएको र सुरक्षित वातावरण सृजना भएको हुनेछ।

## १.४ मार्गदर्शक सिद्धान्तहरू

यस योजनाको कार्यान्वयन गर्दा देहायका मार्गदर्शक सिद्धान्तहरू पालना गर्नुपर्नेछः-

(क) विपद् परिस्थितिको सामना गर्नको लागि सामुहिक तयारीः- विपद्बाट हुने क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न सामुहिकरूपमा योजना बनाउने र समूह सदस्यहरूले जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन गर्न चाहिने स्रोतसाधन जुटाउने,

(ख) परस्पर समन्वयमा आफ्नो विज्ञता, क्षमता अनुसारको फरक जिम्मेवारीः- प्रभावकारी विपद् प्रतिकार्य मार्फत् विपद्को प्रभाव न्यूनीकरण र उत्थानशीलता सम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न समूहका सदस्यको जिम्मेवारी स्पष्ट गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ग) मानवीय सहायताका अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्यमान्यताः- प्रदेश शिक्षा समूहमा क्रियाशील संस्था, निकाय, व्यक्तिले मानवता, निष्पक्षता, तटष्ठता, सहभागिता, समावेशिता, पारदर्शिता, उत्तरदायित्व,

गोपनीयता, स्वतन्त्रता लगायतका मानवीय सहायताका सिद्धान्त तथा आपत्कालीन अवस्थामा शिक्षाको लागि अन्तर-निकाय सञ्जालका अन्तर्राष्ट्रिय मान्यता र मापदण्डहरू लागू गर्ने,

(घ) शारीरिक, मानसिक एवं आर्थिक-सामाजिक अवस्था अनुसार विपद् प्रभावित तथा सङ्कटासन्न व्यक्ति, समूह र समुदायका आवश्यकताको सम्बोधनः- उमेर, शारीरिक तथा मानसिक अवस्था अनुसार फरक क्षमता भएका बालबालिकाको लागि भौतिक सुविधा, शैक्षिक सामग्री र सिकाइ विधिको आवश्यकताको पहिचान गरी परिपूर्ति गर्ने र

(ङ) स्थानीय समुदायको संस्कृति र रीतिरीवाजको सम्मानः- मानवीय सहायता सञ्चालन गर्दा स्थानीय समुदायको संस्कृति एवं परम्पराको सम्मान गर्ने, त्यसप्रति सम्वेदनशील भई काम गर्ने र मानवीय सहायतालाई समुदायका असल अभ्याससँग मूलप्रवाहीकरण गर्ने ।

## १.५ योजना तर्जुमा तथा कार्यान्वयन

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ बमोजिम विक्रम सम्वत् २०७५ (सन् २०१८) मा तयार गरेको शिक्षा समूहको भैपरी योजनालाई सरोकारवालाहरूको सहभागितामा परिमार्जन गरी यो योजना तयार गरिएको छ ।

**योजना तर्जुमा विधि**

| | |
|---|---|
| चरण १ | यस प्रदेशमा शिक्षा क्षेत्रमा कार्यरत नागरिक समाजको नियमित वैठकबाट प्रदेश स्तरीय शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने आवश्यक्ता पहिचान गरी मिति २०७९ मंसिर १९ गते को बैठकमा योजना वनाउने निर्णय भएको छ । |
| चरण २ | उक्त वैठकबाट ४ सदस्यहरु (सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी, कोपिला नेपाल र NSET Nepal रहेको प्रदेश स्तरीय शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना लेखन समूहहरु गठन गरिएको छ । |
| चरण ३ | शिक्षा क्षेत्रको विपद् जोखिम विश्लेषण |
| चरण ४ | यस प्रदेश भरी समेट्ने मुख्य ३ प्रकोप छनोट गरी त्यसबाट उत्पन्न हुन सक्ने विपद् परिदृष्य विवरण तयारी |
| चरण ५ | छानिएको परिदृष्य अनुसार आवश्यक पर्ने स्रोतसाधन लगायतका क्षमताको आँकलन |
| चरण ६ | शिक्षा समूहमा उपलब्ध स्रोतसाधन र विद्यमान क्षमताको मूल्याङ्कन |
| चरण ७ | अपुग स्रोतसाधन र क्षमताको विश्लेषण |
| चरण ८ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मस्यौदा |
| चरण ९ | सरोकारवालाहरूसँग मस्यौदा योजना माथि छलफल |
| चरण १० | सरोकारवालाहरूको सुझावका आधारमा परिमार्जन गरी अन्तिम मस्यौदा तयारी |

**योजना कार्यान्वयन विधि**

| | |
|---|---|
| चरण १ | योजनालाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भए पछि कार्यान्वयन गर्ने |
| चरण २ | योजनाका क्रियाकलापहरू प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा (जस्तैः- मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, कोभिड-१९ प्रतिकार्य योजना) एकीकृत गर्न पेश गर्ने, |

| | |
|---|---|
| चरण ३ | योजना कार्यान्वयनको आवधिकरूपमा अनुगमन र मूल्याङ्कन गर्ने |
| चरण ४ | योजनालाई आगामी वर्ष पुनरावलोकन गरी अद्यावधिक गर्ने |

यस योजनामा गण्डकी प्रदेशमा विसं २०६८ देखि २०७८ को सम्म घटेको विपद् साथै नेपालको विपद् जोखिम र विगतका घटनाका आधारमा क्षिक्षा क्षेत्रको समग्र प्रकोप सम्मुखता, सङ्कटासन्नता, क्षमता र विपद् जोखिम स्थितिको विश्लेषण गरिएको छ । विस्तृत एवं विशिष्टिकृत तथ्याङ्क विवरणको उपलब्धताका आधारमा विपद् जोखिम स्थिति सम्बन्धी जानकारी अद्यावधिक गर्दै लगिने छ । यस योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

# परिच्छेद २ः शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण

## २.१ समग्र विपद् जोखिम

विगत वर्षहरुको तथ्याङ्कलाई हेर्दा गण्डकी प्रदेश विभिन्न विपद्जन्य घटनाहरुबाट प्रभावित भएको दखिन्छ । यस प्रदेशमा सामान्यतया वैशाख जेष्ठको महिनामा आगालागी, हावाहुरी, असार श्रावण भदौमा नदीकटान, डुवान, बाढी, महामारी, सर्पदंशको प्रकोप तथा असोज, पुष र माघमा हिमपात, फागुन र चैत्रमा हावाहुरी, खडेरी, असिना जस्ता विपद्का घटनाहरू हुने गर्दछन । अधिकांश घरहरू कमजोर भौतिक सामाग्री प्रयोग, उपयक्त निर्माण स्थलको छनौट र प्राविधिक परामर्श बिना निर्माण गरिएका कारण पहिरो, बाढी, आगलागी र हावाहुरीका कारण जोखिम अवस्थामा रहेका छन् । जलवायू परिवर्तनका कारण यस प्रदेशका जिल्लाहरु पनि प्रभावित हुने गरेका छन । यसैगरी शहरी क्षेत्रका भवनहरू भूकम्प प्रतिरोधी नभएका कारण भूकम्पीय जोखिममा पनि रहेका छन ।

अभिलेख अनुसार विसं २०६८ देखि २०७८ को अवधिमा गण्डकी प्रदेशका ११ जिल्लामा २० प्रकारका विपद्जन्य घटना २,४५४ पटक भएको देखिन्छ । प्रकोपका घटनाको सङ्ख्याका आधारमा यस अवधिमा सबभन्दा बाढी आगलागीका १,११७ घटना, दोस्रोमा पहिरोका ५१९ घटना, तेस्रोमा चट्याङका २५२ घटना, बाढीका १५९ घटना भएको देखिन्छ । यसका साथै भूकम्प, भीषण वर्षा, हावाहुरी, लेक लाग्ने, वन्यजन्तुको आक्रमण, आगलागी, डुङ्गा दुर्घटना, आँधी, हिमआँधी, कीटपतङ्ग, सलह, बालीनाली विनाश, हिमपहिरोलगायतका विपद्जन्य घटना भएका छन् । विपद्का कारण प्रभावित भएका परिवारहरूको सङ्ख्या ४०४४ रहेको छ ।जस्मा १,१९८ मानिसको मृत्यु, २,२३१ मानिस घाइते भएको र प्रत्यक्ष रूपमा १ अर्ब ५२ करोड ५९ लाख ७१ हजार ८ सय ६ रुपैयाँ बराबर आर्थिक क्षति भएको छ । **Source: DRR portal**

## २.२ प्रकोपको स्तरिकरण

यस प्रदेशमा मुख्य गरी १४ वटा प्रकोपको पहिचान गरी स्तरीकरण गरिएको छ ।

| **प्रकोप** | **भूकम्प** | **बाढी पहिरो** | **आगलागी** | **सडक दुर्घटना** | **जंगली जनावर आतांक** | **हावाहुरी** | **असिना** | **चट्याङ्ग** | **हिमपात** | **डुवान** | **खडेरी** | **महामारी** | **शीतलहर** | **जमिन भासिने** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | बाढी पहिरो | आगलागी | सडक दुर्घटना | जंगली जनावर आतांक | हावाहुरी | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| बाढी पहिरो | | | आगलागी | सडक दुर्घटना | जंगली जनावर आतांक | हावाहुरी | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| आगलागी | | | | सडक दुर्घटना | जंगली जनावर आतांक | हावाहुरी | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| सडक दुर्घटना | | | | | जंगली जनावर आतांक | हावाहुरी | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| जंगली जनावर आतांक | | | | | | हावाहुरी | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| हावाहुरी | | | | | | | असिना | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| असिना | | | | | | | | चट्याङ्ग | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| चट्याङ्ग | | | | | | | | | हिमपात | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| हिमपात | | | | | | | | | | डुवान | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| डुवान | | | | | | | | | | | खडेरी | महामारी | शीतलहर | जमिन भासिने |
| खडेरी | | | | | | | | | | | | महामारी | शीतलहर | जमिन भासिने |
| महामारी | | | | | | | | | | | | | शीतलहर | जमिन भासिने |
| शीतलहर | | | | | | | | | | | | | शीतलहर | जमिन भासिने |
| जमिन भासिने | | | | | | | | | | | | | | जमिन भासिने |
| **जम्मा** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| **स्तर** | १४ | १३ | १२ | ११ | १० | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ |

## २.३ पात्रो

यस प्रदेशका हिमाली जिल्लाहरु मनाङ्ग र मुस्ताङ्गमा बढि जसो हिम पहिरो, हावाहुरी, चटयाङ्ग हुन्छ भने नवलपुरमा सितलहर, तनहुँ, लम्जुङ्गमा, जंगली जनावरको आतांक, कास्कीमा जमिन भासिने भने प्राय सबै जिल्लाहरु बाढी, आगलागी, खडेरी, भूकम्प, महामारी,सडक दुर्घटना, हावाहुरी चटयाङ जस्ता प्राकृतिक र मानव सृजित प्रकोपहरुवाट प्रभावित हुने गरेको अवस्था रहेको छ । प्रकोपहरुवाट प्रभावित यस प्रदेशको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा भूकम्पलाई पहिलो नम्वरमा र हालको अवस्थामा सबै जिल्लाहरुलाई कोभिड १९ ले प्रभाव पारेकोले त्यसलाई प्राथमिकताको आधारमा दोश्रो स्थानमा राखि अन्य प्रकोपहरुलाई क्रमश राखिएको छ ।

| प्रकोप | बैशाख | जेष्ठ | असार | साउन | भद्रौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| बाढी पहिरो | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| जंगली जनावर आतांक | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| चटयाङ्ग | | | | | | | | | | | | |
| हिमपात | | | | | | | | | | | | |
| डुवान | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| जमिन भासिने | | | | | | | | | | | | |

## २.४ विद्यालयको विपद् सङ्कटासन्नता

कमजोर भौतिक संरचना एवं विद्यालय भवन बाढी, पहिरोको जोखिमयुक्त स्थानमा हुनु, विद्यालय भवन तथा परिसरमा चट्याङ तथा आगलागी निरोधक प्रणालीको अभाव, उपयुक्त ढल निकासको अभाव, हावाहुरीको जोखिम रहेका क्षेत्रमा कमजोर छाना भएको भवन आदि कारणले धेरै विद्यालयहरू विभिन्न प्रकोपका हिसावले संवेदनशील अवस्थामा रहेका छन् । कमजोर बनोटकै कारण विक्रम सम्वत् २०७२ सालको भूकम्पमा ३५ हजार कक्षाकोठा भत्केका थिए । शिक्षाक्षेत्रको विश्लेषण (२०७८)[१] मा अझै पनि ६० प्रतिशत विद्यालयहरूमा सङ्कटासन्न भवन, संरचना रहेको उल्लेख छ । यी मध्ये पनि पहाडी र हिमाली क्षेत्रमा बढी छन् ।

प्रारम्भिक बाल विकास शिक्षा र पूर्वप्राथमिक तह अन्तर्गत सिकाइ केन्द्रको विवरण तालिका २.१ मा रहेको छ ।

[१] MoEST, 2021. Nepal: Education Sector Analysis. Ministry of Education, Science and Technology. Kathmandu

तालिका २.१ प्रारम्भिक बाल विकास शिक्षा र पूर्व प्राथमिक तह अन्तर्गत सिकाइ केन्द्र तथा विद्यार्थी र शिक्षकको विवरण

| प्रदेश | प्रारम्भिक बाल विकास शिक्षा र पूर्व प्राथमिक सिकाइ केन्द्र | | | विद्यार्थी संख्या | | | अपाङ्गता भएका विद्यार्थीको संख्या | शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | छात्रा | छात्र | जम्मा | | |
| **गण्डकी** | **३,६२८** | **५६८** | **४,१९६** | **४५,४५३** | **५४,१४८** | **९९,६०१** | **३०६** | **६६२०** |
| नेपाल | ३०,५८७ | ६,५४३ | ३७,१३० | ६०१,७१८ | ६८८,४३५ | १,२९०,१५३ | ४१७५ | ५५,८६५ |

स्रोतः Flash I Report 2078

प्रदेशगत रूपमा विद्यालयहरूको विवरण तालिका २.२ मा रहेको छ ।

तालिका २.२ प्रदेशगत रूपमा विद्यालयको विवरण

| प्रदेश | विद्यालय संख्या | | | सामुदायिक विद्यालय भवन संख्या | संस्थागत विद्यालय भवन संख्या | कच्ची भवन (ढुङ्गा, माटो वा ईंटाको गारो, कच्ची छानो) | पक्की भवन (पक्की गारो र छत) |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | | | | |
| **गण्डकी** | ३७२८ | ५९१ | ४३०९ | १८६४० | १७७३ | | |
| **नेपाल** | २८,८३३ | ६७३३ | ३५६७४ | १४४१६५ | २०१९९ | | |

स्रोतः Flash I Report 2078

## २.५ विद्यार्थीको विवरण

विद्यार्थीको उमेरका साथै शारीरिक तथा मानसिक अवस्था अनुसार उनीहरूको विपद् सम्वेदनशीलता फरक पर्छ । कम उमेरका, अपाङ्गता भएका बालबालिकाहरू तुलनात्मक रूपमा बढी सङ्कटासन्न हुन्छन् । उमेर तथा शारीरिक अवस्था अनुसार सार्वजनिक तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको सारांश विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ । तालिकालाई हरेक वर्ष उपलब्ध हुने तथ्याङ्कका आधारमा अद्यावधिक गर्दै लगिनेछ ।

तालिका २.३ तह, लिङ्ग, अपाङ्गताका आधारमा विद्यार्थीहरूको प्रदेशगत विवरण

| प्रदेश | कक्षा १-८ सम्म | | | कक्षा ९ - १२ सम्म | | | अपाङ्गता भएका |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| गण्डकी | १९४०६२ | २०७,००१ | ४०१,०६३ | ८७,००१ | ८१,९२७ | १६८,९२८ | २२१५ |
| नेपाल | २६५६३२४ | २,६८२,६२९ | ५,३३८,९५३ | ८९५,२६८ | ८४९,७६८ | १,७४५,०३६ | २३७४१ |

स्रोतः Flash I Report 2078

## २.६ शिक्षकको विवरण

विपद् संवेदनशीलता वा उत्थानशील क्षमतामा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । अर्कोतर्फ शिक्षक पनि विपद् सङ्कटासन्न हुन सक्छन् र विपद्बाट प्रभावित हुन सक्छन् । यसबाट समग्र पठनपाठनमा असर पर्न सक्छ । शैक्षिक तह अनुसार सार्वजनिक तथा निजी विद्यालयमा अध्यापनरत शिक्षकको सारांश विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ । यस तालिकालाई हरेक वर्ष उपलब्ध हुने तथ्याङ्कका आधारमा अद्यावधिक गर्दै लगिनेछ ।

तालिका २.३ शिक्षकको प्रदेशगत विवरण

| प्रदेश | कक्षा १-८ सम्म | | | कक्षा ९-१२ सम्म | | | तालिम प्राप्त शिक्षक संख्या* | अपाङ्गगता भएका शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| गण्डकी | १६,९२४ | १६,४६६ | ३३,३९० | २,००३ | ७,४५१ | ९,४५४ | | |
| नेपाल | ११३,५५४ | १४३,६२३ | २५७,१७७ | १३,२११ | ५०,१८८ | ६३,३९९ | | |

स्रोतः Flash I Report 2078 । *तालिम प्राप्त भन्नाले विद्यालय विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा अभ्यासमूलक तालिम सम्झनुपर्छ।

# परिच्छेद ३: भूकम्पको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ परिदृश्यः गोरखा भुकम्प २०७२

कुल २,४०० किलोमिटर लामो हिमालय भूखण्डको केन्द्रीय भागमा नेपाल करिब एक तिहाइ (८०० कि.मि.) भूभाग ओगटेर रहेको छ । ईण्डियन प्लेट र युरेशियन प्लेटहरुबीचको संघर्षणबाट बनेको यो क्षेत्र नव भूक्रियाशीलताको आधारमा भूकम्पीय जोखिमको दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ । प्रतिवर्ष २ सेन्टिमिटरको दरले भारतीय प्लेट हिमालय मुनि घुस्दा सक्रिय दराරहरुमा तनाव-शक्ति सञ्चय भइरहेको हुँदा विगत मा झैं नेपालमा विनाशकारी भूकम्प जाने सम्भावनालाई नकार्न सकिंदैन । नेपालको भौगोलिक बनौट एवम् भूक्रियाशीलताको अवस्थाका साथै प्राग ऐतिहासिक भूकम्पहरुको अध्ययन अनुसन्धानहरुबाट भूकम्प पुनरावृत्तिको अवधि भू खण्ड अनुसार फरक फरक पाइएको छ । फलस्वरूप नेपालको हिमालय क्षेत्रमा अनियमित भूकम्पीय चक्र रहेको तथ्य प्राग ऐतिहासिक भूकम्पीय अध्ययनहरुले देखाएका छन् । साथै नेपालमा पाईएका सक्रिय दरारहरु मेन फ्रन्टल थ्रस्ट, मेन बाउण्डरी थ्रस्ट र दुई प्लेटहरु बीचको मेन हिमालयन थ्रस्ट भूकम्पीय दृष्टिकोणले बढी क्रियाशील रहेको पाइन्छ ।

वि. सं. २०७२ साल वैशाख १२ गते दिनको ११:५६ बजे गएको ७.६ रेक्टर स्केलको गोरखाको वारपाक केन्द्रविन्दू भएको भूकम्प वि. सं. १९९० सालको महाभूकम्प पछिको ठूलो एवम् विनाशकारी भूकम्प हो । यस भूकम्पले गोरखाको बारपाक र सो देखि पूर्व दोलखा सम्म करिब १४० किलोमिटरको क्षेत्रमा जमिन मुनि दरार उत्पन्न गरी ठूलो मानवीय र भौतिक क्षति गऱ्यो । भूकम्पको हाइपोसेन्टर सापेक्षित रूपमा कम गहिराइ (१५ कि.मि.) मा रहेकोले भूकम्पको कम्पन जमिनको सतहमा बढी नै हुन गयो । गोरखा भूकम्पको तीव्रताको मापन नेपालमा वैज्ञानिक तवरले विस्तृत रूपमा हुन सकेन । यद्यपि अमेरिकी भौगोलिक सर्भे प्रवेगको आधारमा तीव्रता उच्चतम सम्म पुगेको तथ्याङ्क प्रस्तुत गरेको छ। गोरखा भूकम्प २०७२ बाट मुलुकभरी स्वदेशी एवं विदेशी नागरिकहरुगरी जम्मा ८ हजार ९७० जनाको ज्यान गएको थियो भने १९५ जना बेपत्ता भएका थिए । मृत्यु हुने कुल व्यक्तिहरु मध्ये ५६ प्रतिशत महिला तथा ४४ प्रतिशत पुरुषहरु थियो । भूकम्पबाट प्रदेशभरमा ९,३५३ विद्यालयमा क्षति पुगेको थियो भने २२,४०१ कक्षा कोठाहरु पूर्णरुपमा र १४,०२४ कक्षा कोठाहरु आँशिकरुपमा क्षतिग्रस्त भएका थिए । ४,७७३ शौचालय १,५६८ खानेपानी धारा १,४५९ कम्पाउण्ड वालमा क्षति पुगेको थियो । सो भूकम्पमा ६७ जना शिक्षक र १,२८८ जना विद्यार्थीको मृत्यु भएको थियो । सो भूकम्पले यो प्रदेशका विद्यालयहरुमा पनि धेरै असर गरेको थियो । कमसेकम ३५ दिनसम्म विद्यालय बन्द भई शैक्षिक क्रियाकलापहरु अबरुद्ध भएका थिए । यो भूकम्प गएको समय बिदाको दिन भएकाले विद्यालय बन्द भएको र दोस्रो भूकम्पमा पहिलो भूकम्पको कारण विद्यालय बन्द रहेकोले मानवीय क्षतिको हिसाबले नराम्रो प्रभाव पर्नबाट जोगिएको थियो। यसरी भूकम्प नेपालकै लागि प्रमुख प्रकोप भएकोले यसलाई १ नं को प्रकोप मानेर योजना बनाउनु पर्ने नेपाल सरकारको दस्तावेजले निर्देश गरेको छ।

(स्रोत —गोरखा भूकम्प अनुभव र सिकाई, नेपाल सरकार, गृह मन्त्रालय,विपद् व्यवस्थापन महाशाखा )

भूकम्प मापन केन्द्रका अनुसार नेपालमा ४ रेक्टरस्केल र सो भन्दा कम म्याग्निच्युडका दैनिक करिव १०० वटा भूकम्प जाने गरेका छन् । नेपालमा यस्ता भूकम्प लाखौं वर्ष देखि जाँदै आएका र अझैं लाखौं करोडौं वर्ष सम्म जाने भएकोले यसबाट हुने जोखिम न्यूनीकरण र पूर्वतयारी गर्नु नै मात्र उपयुक्त विकल्प हो ।

तालिका ३.१ २०७२ सालको भूकम्पबाट घर, भवनमा भएको क्षति विवरण (DG = Damage Grade)

| **प्रदेश** | **क्षतिको स्तर** | | | | |
|---|---|---|---|---|---|
| | **सामान्य (DG1)** | **मध्यम (DG2)** | **व्यापक (DG3)** | **पूर्ण क्षति (DG4)** | **पुरै भत्केको (DG5)** |
| **गण्डकी** | ६,८२९ | १६,८११ | ३१,८६५ | ४४०,७९८ | ७५,८८५ |

## ३.२ भूकम्पबाट शिक्षा क्षेत्रमा पर्नसक्ने असर

यस प्रदेशमा वालविकास केन्द्र, आधारभुत १-८ र माध्यमिक ९-१२ तह सम्मका जम्मा विद्यार्थी ६६९,५९२ जना मध्ये २०७२ सालको र २०४५ को भुकम्पको प्रभावलाई विष्लेषण गर्दा यस प्रदेशमा विगतको जत्रै भुकम्प गएको अवस्थामा करिव एक तिहाई विद्यालय मा क्षति हुनुका साथै करिव ३३ प्रतिशत अर्थात २२०,९६५ जना विद्यार्थीलाई शैक्षिक सामग्री सहायता आवश्यक पर्ने अनुमान छ । भूकम्पका कारण विद्यार्थी, कर्मचारी, अभिभावकहरूमा मानसिक आघात पर्नसक्ने छ । विपद् प्रतिकार्यमा अस्थायी सिकाइ केन्द्रको स्थापना, शैक्षिक सामग्रीको वितरण र बालबालिका, अभिभावक र शिक्षकहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गराउनु प्रमुख प्राथमिकता हुनु पर्नेछ । २०७२ सालको भूकम्पबाट शिक्षा क्षेत्रमा २७।४६ प्रतिशत प्रभावित भएको हुनाले २०७२ सालको बरावर भूकम्प आएमा निम्न अनुसार अनुमान गरिएको छ ।

| प्रभावित तह | जम्मा विद्यार्थी संख्या | जम्मा प्रभावित हुन सक्ने विद्यार्थी संख्या | अपाङ्गता भएका विद्यार्थीको हालको संख्या | विद्यालय संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| इसिडि वा वालविकास केन्द्र | ९९,६०१ | २७,३५० | ३०६ | ४१९६ | २७।४६ | |
| आधारभुत १-८ | ४०१,०६३ | ११०,१३२ | २२१५ | २१८१ | २७।४६ | |
| माध्यमिक ९-१२ | १६८,९२८ | ४६,३८७ | | १३२३ | २७।४६ | |
| जम्मा | ६६९,५९२ | १८३,८६९ | २,५२१ | ७७०० | २७।४६ | |

## ३.३ भूकम्पको प्रतिकार्य रणनीति

विपद् प्रतिकार्य गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश शिक्षा समूह परिचालित हुनेछ । यस शिलशिलामा सम्बन्धित गाउँ/नगरपालिकाको शिक्षा समूह र अन्य विषयक्षेत्रका समूहसँग आवश्यक समन्वय र तालमेल गरी कार्यसञ्चालन गरिनेछ। प्रदेश शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन् ।

(१) प्रभावित क्षेत्रका विद्यालयको द्रुत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विद्यालय भवनलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउने,
(२) शैक्षिक सामग्रीमा भएको क्षति र पठनपाठन निरन्तर गर्न चाहिने शैक्षिक सामग्रीको लेखाजोखा गर्ने,
(३) सुरक्षित स्थानमा आवश्यक आधारभुत सेवा सुविधा सहितका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरी समेतलाई उपयुक्त हुने गरी अस्थायी कक्षाकोठा (Temporary Classrooms) वा अस्थायी सिकाइ केन्द्र वा अनलाइन सिकाइ केन्द्र वा भर्चुअल कक्षा स्थापना गर्ने,
(४) आपत्कालीन शैक्षिक सामग्री वितरण गर्ने,
(५) शिक्षक तथा सहजकर्तालाई आवश्यक अनुशिक्षण र परामर्श प्रदान गर्ने,
(६) विद्यालय र पठनपाठन सञ्चालन गर्न समुदाय परिचालन गर्ने,
(७) शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाइ सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड (Inter Agency Network for Education in Emergencies – INEE Standards) पालना गर्ने, गराउने,
(८) प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाइ, सरसामान, आश्रय, स्वास्थ्य र पोषण जस्ता साझा सरोकारका सवाल सम्बोधन गर्न सम्बन्धित क्लस्टरहरूसँग समन्वय र सहकार्य गर्ने,
(९) भूकम्प पछिको समय अवधिमा (० देखि ३-६-१२-२४-७२ घण्टा, ७२ घण्टा-२ हप्ता, २ हप्ता- ३ महिना आदि) क्रमशः गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने,
(१०) मानवीय सहायता परिचालन र शैक्षिक सामग्री आपूर्ति गर्दा यथोचितरूपमा सामग्री, नगद, प्रविधि तथा अन्य उपाय अवलम्बन गर्ने र
(११) मानवीय सहायतामा भिजिविलिटि सम्बन्धी सहमति भएको मापदण्द लागु गर्ने।

## ३.४ भूकम्पको सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषण

**(क) आवश्यक क्षमता**

तालिका ३.३ आवश्यकताको विवरण (भूकम्प परिदृश्यका लागि)

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| *क* | *जनशक्ति* | *संख्या* | | *...को मापदण्ड अनुसार* |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली | संख्या | २००० | हरेक विद्यालयमा एक टोली (शिक्षक, कर्मचारी र विद्यार्थी), प्रति टोली ६ जना |

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| २ | क्षति र आवश्यकता मूल्याङ्कन गर्नको लागि दक्ष (इरा) टोली | संख्या | ५० | प्रति टोली २ जनाका दरले २००० विद्यालयका लागि (प्रति स्थानीय तह औसतमा ४० विद्यालयको लागि १ टोली) |
| ३ | आपत्कालीन अवस्थामा पठनपाठन गराउन तालिम प्राप्त शिक्षक | संख्या | २००० | प्रति विद्यालय एक जना विपद् सम्पर्क शिक्षक |
| *ख* | *सामग्री तथा प्रविधि औजार* | | | |
| १ | ECD किट | संख्या | ६८० | ४० विद्यार्थी बराबर १ इसिडि किट, प्रति केन्द्र एक (न्युनतम) ४१९६ केन्द्र |
| २ | स्कूल किट परिदृष्य अनुसार | संख्या | २००० | प्रति विद्यालय एक (न्युनतम)। |
| ३ | शिक्षक किट (आधारभुत) | संख्या | २७५० | प्रति ४० विद्यार्थी एक शिक्षक/कक्षा किट । |
| | शिक्षक किट (माध्यमिक) | संख्या | ११६० | प्रति ४० विद्यार्थी एक शिक्षक/कक्षा किट । |
| ४ | विद्यार्थी किट (आधारभूत तह) | संख्या | ११०१३२ | प्रति विद्यार्थी एक किट |
| ५ | विद्यार्थी किट (माध्यमिक तह) | संख्या | ४६३८७ | प्रति विद्यार्थी एक किट |
| ६ | सबै तहका विद्यार्थी, शिक्षक तथा सम्बन्धित निकायका लागि दूर शिक्षा प्रविधि सेट | संख्या | ४,००० | न्युनतम २ सेट प्रति विद्यालय आँकलन गरिएको |
| ७ | किशोरी किट | संख्या | २३८९० | माध्यमिक तहका कूल किशोरी संख्याको २७% |
| ८ | अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री | सेट | २५२१ | |
| ९ | मनोरञ्जन किट | सेट | २००० | प्रति विद्यालयमा कम्तिमा १ सेट |
| १० | पाठ्यपुस्तक (१-८) | सेट | २००००० | हरेक विद्यालयमा प्रति कक्षा १० सेटका दरले |
| ११ | पाठ्यपुस्तक (९-१२) | सेट | १००००० | हरेक विद्यालयमा प्रति कक्षा ५ सेटका दरले |

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| *ग* | *आधारभुत भौतिक संरचना र सामग्री* | | | |
| १ | सुरक्षित खुलास्थल | संख्या | २००० | परिदृष्य अनुसार सवै विद्यालयमा |
| २ | अस्थायी सिकाइ केन्द्रका लागि निर्माण सामग्री (कक्षाकोठा) | सेट | १२००० | परिदृष्य अनुसार |
| ३ | कार्यालय कोठा | सेट | १२००० | परिदृष्य अनुसार |
| ४ | शौचालय (अपाङ्ग-मैत्री) | सेट | ४००० | छात्र छात्राका लागि बेग्लाबेग्लै |
| ५ | खानेपानी (अपाङ्ग-मैत्री) | सेट | २००० | सवै प्रभावित विद्यालयमा |
| *घ* | *लागत रकम* | | | |
| १ | पूर्वतयारीका लागि आवश्यक रकम | रू. | १ करोड | भूकम्पको अनुमानका आधारमा राखिएको |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रू. | २५ करोड | भूकम्पको अनुमानका आधारमा राखिएको |
| | जम्मा लागत रकम | रू. | २५ करोड | भूकम्पको अनुमानका आधारमा राखिएको |
| | स्थानीय तह तथा प्रदेशबाट उपलब्ध हुने रकम | रू. | | ६०% अनुमानित |
| | संघबाट परिपूर्ति गर्नुपर्ने रकम | रू. | | ४०% अनुमानित |
| *ङ* | *संस्थागत संरचना* | | | |
| १ | विपद् व्यवस्थापन समिति | संख्या | ८५ | हरेक स्थानीय तहमा |
| २ | उद्धार टोली | संख्या | २००० | हरेक विद्यालयमा |
| ३ | अन्य कार्यदल | संख्या | | |

(ख) उपलब्ध र अपुग क्षमता

तालिका ३.४ विद्यमान स्थिति र भूकम्प प्रतिकार्य गर्न अपुग हुने क्षमताको सारांश विवरण

| क्र.स. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | उपलब्ध परिमाण | | | जम्मा उपलब्ध परिमाण | अपुग परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय तह | प्रदेश तह | स्थानीय तह | | | |
| क | **जनशक्ति** | | | | | | | | |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली | संख्या | २००० | | | | | २००० | |
| २ | क्षति र आवश्यकता मूल्याङ्कन गर्नको लागि दक्ष (इरा) टोली | संख्या | ५० | | | | | ५० | |
| ३ | सङ्कटकालीन कार्य सञ्चालन गर्न सहयोग गर्न समन्वय टोली | संख्या | ११ | | | | | ११ | प्रत्येक जिल्लामा |
| | | | | | | | | | |
| ख | **सामग्री, प्रविधि, औजार** | | | | | | | | |
| १ | ECD किट | संख्या | ६८० | | | | | ६८० | |
| २ | स्कूल किट | संख्या | २००० | | | | | २००० | |
| ३ | शिक्षक किट | संख्या | ३९१० | | | | | ३९१० | |
| ४ | विद्यार्थी किट (आधारभूत तह) | संख्या | ११०१३२ | | | | | ११०१३२ | |
| ५ | विद्यार्थी किट (माध्यमिक तह) | संख्या | ४६३८७ | | | | | ४६३८७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सबै तहका विद्यार्थी, शिक्षक तथा सम्बन्धित निकायका लागि दूर शिक्षा प्रविधि सेट | संख्या | ४,००० | | | | | ४,००० | |
| ७ | किशोरी किट | संख्या | २३८९० | | | | | २३८९० | माध्यमिक तहका कूल किशोरी संख्याको २७% |
| ८ | अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री | सेट | २५२१ | | | | | २५२१ | |
| ९ | मनोरञ्जन किट | सेट | २००० | | | | | २००० | |
| १० | पाठ्यपुस्तक (१-५) | सेट | २००० | | | | | २००० | |
| ११ | पाठ्यपुस्तक (६-१०) | सेट | २००० | | | | | २००० | |
| १२ | पाठ्यपुस्तक (१०-१२) | सेट | २००० | | | | | २००० | |
| | | | | | | | | | |
| **ग** | **आधारभुत भौतिक संरचना र सामग्री** | | | | | | | | |
| १ | सुरक्षित खुलास्थल | संख्या | २००० | | | | | २००० | |
| २ | अस्थायी सिकाइ केन्द्र निर्माण सामग्री | सेट | ४१९६ | | | | | ४१९६ | |
| ३ | कार्यालय कोठा | सेट | २००० | | | | | २००० | |
| ४ | शौचालय | सेट | ४००० | | | | | ४००० | |
| ५ | खानेपानी | सेट | २००० | | | | | २००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सुरक्षित कक्षा सञ्चालन प्रविधि | | २००० | | | | | २००० | |
| **घ** | **लागत रकम** | | | | | | | | |
| १ | पूर्वतयारीका लागि आवश्यक रकम | रू. | १ करोड | | | | | १ करोड | |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रू. | ५० करोड | | | | | ५० करोड | |
| | | | | | | | | | |
| **ङ** | **संस्थागत संरचना** | | | | | | | | |
| १ | विपद् व्यवस्थापन समिति | संख्या | | | | | | | |
| २ | उद्धार टोली | संख्या | २००० | | | | | २००० | |
| ३ | अन्य कार्यदल | संख्या | | | | | | | |
| | | | | | | | | | |

## ३.५ भूकम्प परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.५.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (General Preparedness)

**तालिका ३.५ आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना**

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| **जनशक्ति व्यवस्थापन** | | | | | |
| तालिम प्राप्त जनशक्तिको रोष्टर अद्यावधिक गर्ने | १ डाटावेस | पोखरा | हरेक वर्ष | समूह नेतृत्व, सहनेतृत्व | |
| सबै तहका लागि "आपत्कालीन शिक्षा तालिम" EiE Training का लागि पाठ्यक्रम तथा तालिम म्यानुअल तयार गर्ने | १ पाठ्यक्रम | पोखरा | आव २०७९/८० | समूह नेतृत्व, | ३ लाख |
| पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी तालिम सामग्री, पुस्तिकाको भण्डारण गर्ने र विधि तयार गरी स्रोत व्यक्ति तथा सम्बन्धित निकायमा वितरण गर्ने | आवश्यकताको लेखाजोखा गर्ने | प्रदेशभर | आव २०७९/८० | समूह नेतृत्वले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सँग समन्वय गरेर | |
| इरा, मिरा विषयमा प्रदेशमा १, जिल्ला ११ र स्थानीय तहहरुको लागि ८५स्थानमा तालिम सञ्चालन गर्ने | ८५ | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व, सदस्यहरू | |
| प्रदेश शिक्षा समूह सदस्यका कर्मचारीहरूलाई अनुशिक्षण, प्रशिक्षण सञ्चालन गर्ने | १ | पोखरा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| विद्यालय सुरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने | ८५ | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| सूचना व्यवस्थापन अधिकृत (IMO) लाई तथ्याङ्क सङ्कलन, विश्लेषण गर्न र को, कहाँ, के गर्दैछ (4Ws) सम्बन्धी रिपोर्टिङ गर्न तालिम दिने | ११ | जिल्ला जिल्लामा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व र सदस्यहरू | |
| भौतिक संरचना क्षतिको मूल्याङ्कन गर्न इन्जिनियरलाई तालिम दिने र मूल्याङ्कन फारामहरू, अनलाइन एप तयार गरिराख्ने । | ११ | प्रदेश राजधानी/ संघले आयोजना गरेकोमा सहभागी हुने | | समूह नेतृत्व, सहनेतृत्व | |
| जिल्ला विपद् व्यवस्थापन समिति (११) र स्थानीय तहमा (८५) भूकम्पको लागि शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न समन्वय तथा सहजीकरण र आवश्यक सहयोग गर्ने | ९६ | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाको विवरण सङ्कलन तथा अद्यावधिक गर्ने | १ | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| सञ्चार वृक्ष तथा सूचना सङ्कलन संयन्त्र तयार वा अद्यावधिक गर्ने | १ | पोखरा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| सूचना सङ्कलन तथा व्यवस्थापनलाई तयारी हालतमा राख्ने | १ | पोखरा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| इरा, मिरा फारामहरू छपाइ गर्ने वा मोवाइल एपमा फाराम भरी विद्युतीय माध्यमबाट तथ्याङ्क सङ्कलन गर्न सकिने गरी तयार गर्ने | १ | प्रदेशभर, अनलाइन | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| जनप्रतिनिधि र समाजका अगुवाहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ८५ | स्थानीय तहहरू | हरेक वर्ष क्रमशः | नेतृत्व, सहनेतृत्व | |
| **स्रोत परिचालन** | | | | | |
| सरकारी, युएन, गैसस, निजी क्षेत्रमा आपत्कालीन शिक्षाका लागि बजेट विनियोजन गर्न पैरवी गर्ने | आवश्यकता अनुसार | पोखरा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| आवश्यकता पर्दा तत्काल पेश गर्न र प्रयोग गर्न सकिने गरी नमुना CERF, FLASH APPEAL र रणनीतिक प्रतिकार्य योजनाको फारामहरू तयार गरिराख्ने । | १ | अनलाइन | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| भूकम्प र बाढीको पूर्वतयारी विद्यालय सुरक्षा योजनामा समावेश गर्ने गराउने | १ | पोखरा | हरेक वर्ष क्रमशः | समूह नेतृत्व | |
| ज्ञान व्यवस्थापन प्रणाली स्थापना गर्ने | १ | प्रदेशभर, अनलाइन | हरेक वर्ष | समूह नेतृत्व, सहनेतृत्व | |
| शिक्षा फ्लास प्रतिवेदन सहजै प्राप्त गरी प्रयोग गरी राख्ने | १ | अनलाइन | हरेक वर्ष | समूह नेतृत्व | |
| **समुदाय परिचालन** | | | | | |
| गाउँ/नगरपालिकालाई समुदाय/विद्यालय सञ्चालक समिति/पिटिए परिचालन गर्न विधि, प्रणाली बनाउन सघाउने | हरेक विद्यालय/ स्थानीय तह | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| अस्थायी कक्षाकोठा स्थापना र विस्थापितहरूलाई अस्थायी आश्रय बनाउन बैकल्पिक ठाउँ पत्ता लगाउने | हरेक स्थानीय तह | प्रदेशभर | हरेक वर्ष क्रमशः | समूह नेतृत्व, सहनेतृत्व | |
| विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण, भग्नावशेष सफा गर्न र अस्थायी कक्षाकोठाको सञ्चालन तथा मर्मतसम्भार गर्न समन्वय गर्ने | प्रभावित क्षेत्र | प्रदेशभर | हरेक वर्ष | समूह नेतृत्व, सहनेतृत्व | |
| **शैक्षिक तथा अन्य सामग्री र उपकरण व्यवस्थापन** | | | | | |
| आवश्यक परिमाणमा शैक्षिक सामग्रीको व्यवस्था, भण्डारण गर्ने (आवश्यकता र अपुगको विश्लेषणका आधारमा) | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| वास (WASH), आवास तथा बन्दोबस्ती क्लस्टर सँग समन्वय गरी विद्यालयका लागि आवश्यक पर्ने आपत्कालीन खानेपानी, सरसफाईका सामग्रीहरु भए नभएको सुनिश्चित गर्ने र आवश्यकता अनुसार भण्डार गर्ने । | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| इसिडि किट खरिद गरी प्रदेश स्तरको भण्डार गृहमा भण्डारण गर्ने र क्लस्टर सदस्यहरुलाई भण्डारण गर्न लगाउने । | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |
| विद्यार्थी किट खरिद गरी प्रदेश स्तरको भण्डार गृहमा भण्डारण गर्ने र क्लस्टर सदस्यहरुलाई भण्डारण गर्न लगाउने । | पायक पर्ने स्थानमा | प्रदेशभर | निरन्तर | समूह नेतृत्व, सहनेतृत्व | |

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
